(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८० माघ १ गतेदेखि २०८० चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३


जिल्ला समन्वय समितिको कार्यालय, गोरखा

फोन नं. ३६४-४२०१४४, इमेल :- ddcgorkha@gmail.com

Website :- www.dccgorkha.gov.np


CamScanner

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा
२०७३

## विषय सूची :-


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार | १ |
| ३. | जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण | २ |
| ४. | प्रदान गरिने सेवा | ३ |
| ५. | सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु | ३ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ३ |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ३ |
| ८. | निर्णय उपर उजूरी सुन्ने अधिकारी | ४ |
| ९. | सम्पादन गरिएका मुख्य मुख्य कामहरु | ४ |
| १०. | सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद | ७ |
| ११. | ऐन, नियम र निर्देशिकाको सूची | ७ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार | ७ |


CamScanner

(१) कार्यालयको स्वरुप र प्रकृति :-

नेपालको संविधानको धारा २२० को उपधारा (७) मा व्यवस्था भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन भएको जिल्ला समन्वय समितिमा ९ जना पदाधिकारीहरु रहने व्यवस्था छ । १ जना प्रमुख, १ जना उप प्रमुख तथा अन्य ७ जना निर्वाचित सदस्यहरु रहन्छन् । त्यस्तै गरी दैनिक प्रशासनिक कार्य गर्न १ जना जिल्ला समन्वय अधिकारी सहित अन्य दरबन्दी अनुसार निजामती कर्मचारीहरु रहने व्यवस्था छ । प्रदेश सरकारद्वारा जारी गरिएको ऐन, कानून र अन्य कार्यविधि अनुसार जिल्ला स्थित संघ र प्रदेश अन्तर्गतका कार्यालयहरु एवं स्थानीय तहहरु बीच समन्वय र विकास निर्माणका कार्यहरुको अनुगमन गर्नु यसको मुख्य कार्य हो ।

(२) जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार :-

(१) प्रदेशले अर्को व्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १२ ले तोकेको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्ययवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागी प्रदेश तथा संघ संग समन्वय गर्ने ।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने ।

(ङ) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका बिच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागी समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्वस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आ.ब. समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने,

(ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्नें संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

**(३) जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण :**

जिल्ला सभाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी र अन्य आवश्यक कर्मचारी रहने व्यवस्था छ । यस अनुसार निम्न श्रेणी र दर्जाका कर्मचारीहरु रहने छन्।

| क्र.सं. | पद र श्रेणी | जम्मा दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी, रा.प. द्वितीय | १ | |
| २. | शाखा अधिकृत, रा.प. तृतीय | १ | रिक्त |
| ३. | ईन्जिनियर, रा.प. तृतीय प्रा. | १ | रिक्त |
| ४. | नायब सुब्बा, रा.प.अनं. प्रथम | १ | |
| ५. | लेखापाल, रा.प.अनं. प्रथम | १ | |
| ६. | सब-ईन्जिनियर, रा.प.अनं. प्रथम प्रा. | १ | लोक सेवा आयोगको खुला प्रतिष्पर्धाबाट पदपूर्ति हुने |
| ७. | खरिदार, रा.प.अनं. द्वितीय | १ | |
| ८. | हलुका सवारी चालक श्रेणिविहिन | २ | २ सेवा करारमा |
| ९. | कार्यालय सहयोगी | ३ | सेवा करारमा |
| १०. | स्वकीय सचिव (जि.स.स. प्रमुख) | १ | सेवा करारमा |
| | जम्मा | १३ | ३ जना रिक्त |



CamScanner

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
गोरखा

**(४) प्रदान गरिने सेवा :**

(क) यस समन्वय समितिबाट विभिन्न निकायहरुबाट माग भएको जानकारीहरु, सूचना माग सम्बन्धी सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान गरिने गरिएको ।

(ख) पालिकाहरुबाट माग भएको र सम्झौता अनुसार जि.स.स.को कोषमा रहेको रकम निकासा गर्ने गरिएको ।

(ग) पालिकाहरु र विभिन्न संघ, संस्थाहरु एवं कार्यालयहरु वीच समन्वय र आवश्यकता अनुसार वैठक बस्ने गरिएको ।

(घ) संघीय एवं प्रदेश सरकार मातहत कार्यालयहरुबाट भए गरेका विकास निर्माणका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने गरेको ।

(ङ) स्थानीय तहहरुको आवश्यकता अनुसार समन्वय एवं अनुगमन गर्ने गरिएको ।

**(५) सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु :**

(क) जिल्ला समन्वय अधिकारी : श्री श्रीधर पन्थी

(ख) शाखा अधिकृत : रिक्त

(ग) ना.सु. : श्री सुकदेव नेपाली (जिन्सी तथा व्यवस्थापन शाखा)

(घ) लेखापाल : श्री बिनोद ऐडी (आर्थिक प्रशासन शाखा)

(ङ) खरिदार : श्री बुद्धि प्रसाद वस्ती (व्यवस्थापन शाखा)

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अबधि :**

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार ब्यवस्था भएकोमा सोही अनुसार ,

(ख) जिल्ला सभाद्वारा पारित गरिएका कार्यहरुको समय तोकिएकोमा सोही अनुसार ,

(ग) सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिमको समय र दस्तूर ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

सम्बन्धित शाखाहरुबाट कार्य उठान एवं सम्पन्न गरिने ।



CamScanner

(८) निर्णय उपर उजूरी सुन्ने अधिकारी : जिल्ला समन्वय अधिकारी

(९) **सम्पादन गरिएका मुख्य मुख्य कामहरु :**

(क) जिल्ला समन्वय समिति, गोरखाको आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिकमा भएका बैठकहरु निम्नानुसार सम्पन्न भएको छ ।

| सम्पन्न भएका बैठकहरु तथा मिति | जम्मा बैठक संख्या |
|---|---|
| *जि.स.स. गोरखाको बोर्ड बैठक*<br>२०८० माघ ०७ गते, २०८० माघ १९ गते, २०८० फाल्गुण ११ गते, २०८० फाल्गुण २२ गते, २०८० चैत्र ०६ गते र २०८० चैत्र २७ गते | जम्मा ६ (छ ) पटक |
| जिल्ला समन्वय समितिका प्रमुख श्री मोहन बहादुर थापा मगरको अध्यक्षतामा जिल्ला समन्वय समिति तथा पृथ्वी नारायण साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका पदाधिकारीहरु विच संयुक्त बैठक सम्पन्न भएको २०८० माघ १५ गते सोमबार | १(एक) पटक |
| जिल्ला स्तरीय राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समितिका प्रमुख श्री मोहन बहादुर थापा मगर ज्यूको अध्यक्षतामा जिल्ला स्थित राजनीतिक दलका अध्यक्ष/प्रतिनिधि, सरकारी कार्यालय/ सार्वजनिक संस्थाका प्रमुख/ प्रतिनिधि, गैर सरकारी महासंघ, पत्राकार महासंघका अध्यक्ष लगायतको उपस्थितिमा प्रजातन्त्र दिवस भव्यताका साथ ३ दिनसम्म मनाउने सन्दर्भमा बैठक सम्पन्न भएको।<br>मिति २०८० फाल्गुण ०२ गते बुधबार | १(एक) पटक |
| जिल्ला समन्वय समितिका प्रमुख श्री मोहन बहादुर थापा मगर ज्यूको अध्यक्षतामा गोरखा जिल्लाभित्रका संघीय तथा प्रादेशिक कार्यालयहरुको कार्यालय प्रमुख/प्रतिनिधिहरुको प्रस्तुतीकरणमा ११ वटै स्थानीय तहका प्रमुख/अध्यक्षहरु तथा अन्य सरोकारवाला व्यक्तिहरुको उपस्थितीमा | १(एक) पटक |

| | |
|---|---|
| जिज्ञासा/सुझाव सम्बोधन हुने गरी अर्धवार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरियो।<br>२०८० फाल्गुण २१ गते सोमबार | |

(ख).जिल्ला समन्वय समिति, गोरखाको आयोजनामा आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिकमा निम्नानुसार कार्यहरु सम्पन्न भएका छन्।

- मिति २०८० माघ २२ गते संघीय, प्रादेशिक कार्यालयहरु र स्थानीय तह तथा अन्य सार्वजनिक संघ संस्थाहरुको अर्धवार्षिक प्रगति विवरण पठाउने सम्बन्धमा पत्राचार गरिएको र प्राप्त विवरणहरुको अभिलेख राखिएको।
- मिति २०८० माघ २५ गते गण्डकी प्रदेश नीति तथा योजना आयोग, कास्की, पोखरालाई निम्नानुसारका विषयहरु उल्लिखित सुझावहरु पेश गरिएको :-
  १. प्रादेशिक अर्थतन्त्रको सुदृढिकरण,
  २. श्रम, रोजगारी, उत्पादन र गरिबी निवारण,
  ३. गुणस्तरीय र व्यवसायिक शिक्षा,
  ४. दिगो पूर्वाधार विकास,
  ५. कृषि तथा पर्यटन,
  ६. वन तथा वातावरण,
  ७. संस्थागत सक्षमता, सुशासन र सेवा प्रवाह।
- मिति २०८० फाल्गुण १७ गते स्थानीय तहहरुसँग मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति विवरण माग गरी पत्राचार गरिएको र प्राप्त विवरणका आधारमा अभिलेख राखिएको।
- मिति २०८० चैत्र १८ गते महिला, शान्ति तथा सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो कार्ययोजना आ.व. २०७९/८०-२०८१/८२ को दफा १२.५ बमोजिम स्थानीय तहहरुलाई कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन भए नभएको जानकारी गराउने भनी ताकेता पत्र पठाइएको र प्राप्त विवरणहरुको आधारमा अभिलेख राखिएको।



CamScanner

- ➢ साविक जिल्ला विकास समितिको जलश्रोत समिति अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुका कागजातहरु स्थानीय तहहरुको माग बमोजिम उपलब्ध गराउँदै आएको।
- ➢ विभिन्न मितिमा जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता लगायतका पञ्जिकरणसँग सम्बन्धित अभिलेखहरुको छायाँप्रति स्थानीय तहलाई आवश्यक परेको समयमा उपलब्ध गराउँदै आएको।
- ➢ कार्यालयमा चलायमान रहेका सवारी साधन, कम्प्यूटर लगायतका मेसिनरी सामग्रीहरुको मर्मत संभार गर्दै आएको।

आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिकमा यस कार्यालयको वार्षिक कार्ययोजना बमोजिम गोरखा जिल्ला भित्र संघ, प्रदेश तथा स्थानीय तहहरुबाट सञ्चालित तपसिल वमोजिमका विकास तथा निर्माणका योजनाहरु तथा फार्महरुको अनुगमन गरी सम्बन्धित निकायलाई सुझाव प्रदान गरिएको छ ।

<u>तपसिलः-</u>

<u>धार्चे गाउँपालिका</u>

- ➢ खानीबेशी काशीगाउँ सडक निर्माण, वडा नं. ६
- ➢ सूर्यदेवी आधारभूत विद्यालय पहिरो नियन्त्रण, वडा नं. ६, यार्सागाउँ
- ➢ धार्चे गा.पा. वडा नं. ६ देखि खानेवेशी हुँदै गाउँपालिका जोड्ने सडक
- ➢ मञ्जुश्री माध्यमिक विद्यालय भवन निर्माण

<u>भिमसेनथापा गाउँपालिका</u>

- ➢ श्री प्रशासकीय भवन निर्माण (जि.स.स. साझेदारी)

<u>आरुघाट गाउँपालिका</u>

- ४ नं वडा कार्यालयको भवन
- भवानी माध्यमिक विद्यालय, भवन मर्मत सुध वडा नं.२

<u>शहिद लखन गाउँपालिका</u>

- ➢ प्रमुख प्रशासकीय भवन (जि.स.स. साझेदारी)
- ➢ नवपालुवा सेनिटरी प्याड उद्योग
- ➢ नवसृजना कृषिजन्य उत्पादन केन्द्र



CamScanner

१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

(क) कार्यालय प्रमुखको नाम, थरः श्री श्रीधर पन्थी (जिल्ला समन्वय अधिकारी)

(ख) सूचाना अधिकारीको नाम, थरः श्री सुकदेव नेपाली (नायब सुब्बा)

(११) ऐन, नियम र निर्देशिकाको सूची :

(क) नेपालको संविधान २०७२

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४

(ग) संघीय सरकार एवम् प्रदेश सरकारबाट जारी गरिएका अन्य सम्बन्धित ऐन, कानून र निर्देशिकाहरु

**(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार :**

| क.स. | ब.उ.शि.नं. | बार्षिक बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | ३६५००१०५३ | १,५५,८७,०००।- | ९०,१५,९०६।६० | संघ सरकार |
| २. | मौज्दात कोष | ६,८३,२५,६१३।९८ | ६३,९४,९८३।०० | |
| ३. | राजस्व | रु. १६५००।०० | | क्यान्टिन भाडा |

तयार गर्ने :-
सुकदेव नेपाली (ना.सु.)

प्रमाणित गर्नेः-
श्रीधर पन्थी (जि.स.अ.)
जिल्ला समन्वय अधिकारी



CamScanner